नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय, रुपन्देही

☎ ०७१-५७०००७
Email:- sco.rupandehi@nsonepal.gov.np

पत्र सं. : २०८२/८३
च नं. : ११९८

मिति: २०८२/०९/०३
नेपाल संवत: ११४६ सिल्लागा-१४, बिहिबार

विषय:- हाजिरीजवाफ प्रतियोगिताको आवश्यक समन्वय गरिदिने सम्बन्धमा ।

सिद्धार्थनगर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
(शिक्षा शाखा)
भैरहवा, रुपन्देही ।

प्रस्तुत विषयमा यस कार्यलयको चालु आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यहि पुष १७ गते "तथ्याङ्क दिवस" मनाउने कार्यक्रम रहेको व्यहोरा अनुरोध गर्दै सो कार्यक्रम यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत माध्यमिक ( कक्षा ९ देखि १२सम्म) तहका विद्यार्थीहरुको सहभागितामा हाजिरीजवाफ प्रतियोगिताको आयोजना गर्ने भएकोले सोको लागि विद्यालयहरुमा आवश्यक समन्वय गरिदिनहुन हार्दिक अनुरोध छ । साथै सोको सूचना यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

..............................
विपिन कुमार पंजियार
तथ्याङ्क समन्वय अधिकारी
बिपिन कुमार पंजियार
तथ्याङ्क समन्वय अधिकारी

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
# तथ्याङ्क समन्वय कार्यालय, रुपन्देही

☎ ०७१-५७०००७
Email:- scorupandehi@nsonepal.gov.np

पत्र सं. : २०८२/८३
च नं. :

मिति: २०८२/०९/०४
नेपाल संवत् ११४६ सिल्लागा-१५, शुक्रबार

विषय: हाजिरी जवाफ प्रतियोगिता सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस कार्यालयले तथ्याङ्क दिवस (पुष १७ गते) को अवसरमा रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत माध्यमिक(९ देखि १२ कक्षा)तहका विद्यार्थीहरुको सहभागितामा हाजिरीजवाफ प्रतियोगिता आयोजना गर्ने भएकोले सो हाजिरी जवाफ प्रतियोगितामा सहभागी हुने इच्छुक विद्यालयहरुले सहभागी हुने ३ जना विद्यार्थीको नाम यहि मिति २०८२/०९/०९ गते भित्र यस कार्यालयमा पठाइदिनुहुन सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील

१. हाजिरीजवाफ प्रतियोगितामा प्रश्नहरु नेपालको संविधानको सामान्य जानकारी, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन हुने विविध गणना( जनगणना, आर्थिक गणना, कृषि गणना, औद्योगिक गणना) र विविध सर्वेक्षणहरु(नेपाल जीवनस्तर सर्वेक्षण र नेपाल श्रम शक्ति सर्वेक्षण), नेपालको भूगोल, इतिहास, विज्ञान प्रविधि तथा समसामयिक विषयसंग सम्बन्धित हुनेछ ।

२. प्रतियोगितामा सहभागी सिद्धार्थनगर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत माध्यमिक(९ देखि १२ कक्षा) तहका विद्यार्थी भएको हुनु पर्नेछ ।

३. एउटा समूहमा तीन जना विद्यार्थी हुनु पर्ने र एउटा विद्यालयको एउटा मात्र समुहलाई सहभागी गराइने छ ।

४. कार्यक्रममा सहभागी हुन आउँदा विद्यार्थीले अनिवार्य रुपमा आफ्नो परिचय पत्र लिएर आउनु पर्ने छ । अन्यथा सहभागी गराइने छैन ।

५. प्रतियोगितामा सहभागी हुन चाहने विद्यालयले विद्यार्थीको नाम, अध्ययनरत कक्षा, सम्पर्क नं. तथा विद्यालयको इमेल ठेगाना उल्लेख गरी विद्यालयबाट सम्बोधन गरी पत्र पठाउनु पर्नेछ ।

६. सहभागी हुने पत्र यही मिति २०८२/०९/०९ गते कार्यालय समय भित्र कार्यालयको पत्राचार ठेगाना: तथ्याङ्क समन्वय कार्यालय, रुपन्देही वा इमेल ठेगाना scorupandehi@gmail.com मा पठाउनुपर्नेछ ।

७. हाजिरीजवाफ प्रतियोगितामा अन्तिम निर्णयाधिकार तथ्याङ्क समन्वय कार्यालय, रुपन्देहीमा रहनेछ ।

८. हाजिरीजवाफ प्रतियोगितामा प्रथम, द्वितीय, तृत्तीय र सान्त्वना स्थान हासिल गर्ने समूहलाई प्रमाणपत्र तथा देहाय बमोजिम नगद पुरस्कार समेत प्रदान गरिनेछ ।

क) प्रथम पुरस्कार समुहका प्रत्येकलाई रु. १५००/- का दरले रु. ४५००/-
ख) द्वितीय पुरस्कार समुहका प्रत्येकलाई रु. १२००/- का दरले रु. ३६००/-
ग) तृत्तीय पुरस्कार समुहका प्रत्येकलाई रु. ९००/- का दरले रु. २७००/-
घ) सान्तवना पुरस्कार समुहका प्रत्येकलाई रु. ६००/- का दरले रु. १८००/-

नोट:- १. नगद पुरस्कारमा नियमानुसार कर कट्टी गरी बाँकी रहेको नगद मात्र वितरण गरिनेछ ।
२. कार्यक्रम हुने स्थान पुष ९ पछि निर्धारण गरी सहभागी हुने विद्यालयलाई जानकारी गराइने छ ।

सम्पर्क व्यक्ति:- नन्दलाल कुर्मी (तथ्याङ्क अधिकृत)- ९८५७०५४७६१

..............................
(विपिन कुमार पंजियार)
तथ्याङ्क समन्वय अधिकारी

बिपिन कुमार पंजियार
तथ्याङ्क समन्वय अधिकारी

CamScanner